# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ्
१ नम्बर प्रदेश, नेपाल

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धि राय सुझाव पेश गर्ने सूचना

**प्रकाशित मिति:२०७७/०५/०२**

प्रस्तुत विषयमा संग्लग्न पालिकाहरुको साझा सिमानाको रुपमा रहेको यस लोहन्द्रा खोला क्षेत्र भित्र पर्ने केराबारी गाउपलिका, बेलबारी नगरपालिका, सुन्दरहरैचा नगरपालिका, ग्रामथान गाउपालिका र चिसाङ् खोला क्षेत्र भित्र पर्ने बेलबारी नगरपालिका, कानेपोखरी गाउपालिका, रंगेली नगरपालिका भएर बग्ने खोला बगरबाट दिगो रुपमा ढुंगा, गिटि, ग्रावेल, चट्टान, स्लेट, वालुवा चिप्स, माटो (भरौट र बलौटे) र दहत्तर बहत्तरको संकलन /उत्खनन कार्य गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्ष्ण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ५ को उपनियम (१) खण्ड (ख) बमोजिमको अनुसूची ७ अनुसार अध्ययन गर्नुपर्ने भएको हुदा उक्त प्रस्ताव कार्यान्वयन हुने देहायको क्षेत्रहरुमा प्रस्तावित कार्यवाट पर्नसक्ने भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक एवम सास्कृतिक वातावरणमा के कस्तो असर पर्ने हो सो को रायसुझाव यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र लिखित रुपमा उपलब्ध गराउन हुन् सम्बधित सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।

**प्रभाव पर्ने क्षेत्रहरु**

१. लोहन्द्रा खोलासंग सिमाना रहेका केरावारी गाउपालिका वडा नं ९, बेलबारी नगरपलिका वडा नं. १, २, ३, ४, ५, सुन्दरहरैचा नगरपालिका वडा नं. १, ११, ग्रामथान गाउपालिका वडा नं.४, ६, ७ क्षेत्र .

२. चिसाङ् खोलासंग सिमाना रहेका बेलबारी नगरपालिका वडा नं. ७, ८ कानेपोखरी गाउपालिका १, २, ५, रंगेली नगरपालिका वडा नं. ३, ४, ७, ८, ९ क्षेत्र .

**राय सुझाव उपलब्ध गराउने ठेगाना :**

**बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बेलबारी मोरङ ( इमेल info@belbarimun.gov.np)**